**भारतीय राजदूतावास**

**काठमाडौं**

******

## प्रेस विज्ञप्ति

## नेपालको लुम्बिनी प्रदेशको रूपन्देहीमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको शिलान्यास समारोह

रूपन्देही जिल्लाको बुटवल उप-महानगरपालिकाको बुटवल–१२ मा अवस्थित नयाँगाउँ माध्यमिक विद्यालय भवन निर्माणको शिलान्यास आज काठमाडौँस्थित भारतीय राजदूतावासका प्रथम सचिव श्री सुमन शेखर र बुटवल उप-महानगरपालिका, रूपन्देहीका मेयर श्री खेलराज पाण्डेयले संयुक्त रूपमा गर्नुभयो ।

२. नयाँगाउँ माध्यमिक विद्यालयको विद्यालय भवन भारत सरकारको लगभग नेरु. ४.४ करोडको आर्थिक सहयोगमा निर्माण हुन लागेको हो ।

३. निर्माण गरिने नयाँ पूर्वाधारमा कक्षा कोठा, शौचालय र अन्य सहयोगी संरचना सहितका दुईवटा दुई तल्ले विद्यालय भवनहरु हुनेछन् । यस परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको छ र यो बुटवल उप–महानगरपालिका, रुपन्देहीमार्फत कार्यान्वयन गरिनेछ ।

४. बुटवल उप–महानगरपालिकाका मेयर, विद्यालय व्यवस्थापन तथा अन्य सरोकारवालाहरुले भारत सरकारले प्रदान गर्दै आएको विकास सहयोगको प्रशंसा गर्नुभयो ।

५. नजिकका छिमेकी तथा विकास साझेदारका रुपमा भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले नेपाल सरकारको समृद्धि र विकास हासिल गर्ने प्रयासलाई थप मजबुत बनाउन भारत सरकारको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

काठमाडौं,

२०८२ माघ २